प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : १३९ ॥ २०८२ असार १४ गते शनिबार (28th June 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-


# लागूऔषध तस्करीमा सक्रिय यी तीन भारतीय दाजुभाई



बिर्तामोड(प्रस)। यतिखेर भारत बिहारका लागूऔषध तस्करहरु नेपालमा लागूऔषध ओसार पसार गर्न सक्रिय देखिएका छन् । झापा जिल्लाका केही 'प्वाइन्ट'हरू तस्करका लागि लागूऔषध नेपाल छिराउने सजिलो बाटोको रुपमा रहेको छ । खासगरी बिहार, किशनगञ्जका तीन दाजुभाई अहिले नेपालका सुरक्षा निकायका व्यक्तिसँग राम्रो हिमचिम बढाएर बिर्तामोड, धुलावारी, काँकरभिट्टा, दमक, सुरुङ्गा, बनियानी, भद्रपुर हुँदै राजधानी काठमाडौं तथा लगभग देशका मुख्य शहरहरूमा प्रतिबन्धित ब्राउनसुगरको 'सप्लाइ चेन' बनाउन सफल भएको बुझिएको छ ।

कुर्लिकोट, किशनगंज बिहार निवासी आर्यन भनिने ३० वर्षीय सुभान अली ब्राउनसुगर डेलिभरी गर्ने काममा अगाडि देखिएका छन् । उनले ब्राउनसुगर ल्याउने र आफ्नो घरमा ५० र १०० ग्रामको प्याकेट बनाएर गलगलिया, ठाकुरगंज, बतासी, खोरीबारी पानीट्याङ्की र नेपालको बिर्तामोड, बनियानी, भद्रपुर आदि क्षेत्रमा बेच्न पठाउने गरेका छन् ।

उनका दुई भाईहरु डाक्टर भनिने तहसीन र साजिदले यो काममा सहयोग गर्ने गरेका छन् । आर्यन ब्राउनसुगर तस्करीको आरोपमा जेल गएका व्यक्ति हुन् । उनलाई खोरीबारी प्रहरी चौकीको मुद्दा नम्बर ३६/२४ मिति १० फेब्रुअरी २०२४ मा एनडीपिएस को धार ।२१(सी)/२२(सी) अन्तर्गत जेल पठाइएको थियो । यसबाहेक, खोरीबारी प्रहरी चौकीको मुद्दा नम्बर १६७/२४ मिति १०.०६.२४ मा उनीविरुद्ध युएक/एनडीपिएस ऐन ४१६-२१ (सी), २२ (सी), २९ (०१) अन्तर्गत मुद्दा दर्ता गरिएको छ । तर हाल उनलाई कलकत्ता उच्च अदालतले जमानत दिएको छ ।

गत अप्रिल २०२४ मा कुर्लिकोट प्रहरी चौकीले ब्राउनसुगरको अवैध तस्करी गर्ने एक व्यक्तिलाई पक्राउ गरी सोधपुछका क्रममा तहसीनले विगत धेरै महिनादेखि ब्राउनसुगर खरिद गरिरहेको खुलासा भएको थियो ।

# स्वीप अपरेशनमा एकैदिन १४ जना पक्राउ

झापा(प्रस)।दक्षिणी झापा गाउँपालिकाको लसुनगञ्ज नाकालाई लागूऔषध तस्कर हरुले लागूऔषध भित्र्याउने बाटोको रुपमा प्रयोग गर्न थालेपछि प्रहरीले कडाई गरेको छ । इलाका प्रहरी कार्यालय कुमरखोदले स्वीप अपरेशन गरी एकैदिन १४ जनालाई पक्राउ गरेको छ । कार्यालयका इन्चार्ज प्रहरी नायव निरीक्षक किरण मोक्तानको कमाण्डमा खटिएको टोलीले चेकजाँच गर्नेक्रममा १४ जना लागूऔषध दुर्व्यसनीहरुलाई नियन्त्रणमा लिएको हो । बिहीवार दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म झापा गाउँपालिकाको वडा नम्बर १,२ र ४ को सीमावर्ती क्षेत्रमा प्रहरी टोलीले स्वीप अपरेशन गरेको थियो । नियन्त्रणमा लिएका उनीहरुलाई इप्रका कुमरखोदमा राखेर शुक्रवार सम्झाइ बुझाइ आफन्त र



अभिभावकको जिम्मा लगाई छाडिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी खगेन्द्र खड्काले बताए । गत जेठ २६ गतेदेखि किरण मोक्तानले इलाका प्रहरी कार्यालय कुमरखोदको कमाण्ड सम्हालेका छन् । उनी आएदेखि चौबीसै घण्टा गस्ती हुँदै आएको छ । त्योसंगै हाइवे गस्ती , सीमा सुरक्षा , छड्के स्वीप अपरेशनजस्ता कार्वाही गरिदै आएको प्रहरी नायव निरीक्षक मोक्तानले जानकारी दिए। खुल्ला सिमानाका कारण चोरी तस्करी , लागूऔषध नियन्त्रण गर्न सवैभन्दा ठुलो चुनौती रहेको भन्दै उनले सबैको सहकार्यमा समाधान गरिरहेको जानकारी दिए । झापा गाउँपालिकाकी कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले दुई नम्बरी काम गर्नेलाई जनप्रतिनिधिहरुको बिना दबाब काम गर्न भनेर प्रहरीलाई आग्रह गरेको जानकारी दिइन् । उनले शान्ति सुरक्षा कायम गर्न प्रहरी प्रशासनसंग सहकार्य गरिरहेको बताइन् ।

झापा गाउँपालिका वडा नं ६ का वडाध्यक्ष नविनकिशोर थापाले लागूऔषधको समस्याले परिवारको कोही पनि सुरक्षित रहने अबस्था नरहेपछि प्रहरी नायव निरीक्षक मोक्तानले चालेको कदम सह्रानीय भएको बताए । राम्रो काम गर्नेलाई आफूहरुको तर्फबाट सँधै सहयोग र हौसला रहने उनको भनाई छ । पछिल्लो समयमा झापा बजारमा शान्ति सुरक्षाको व्यवस्था सुदृढ बन्दै गएको बजार व्यवस्थापन समितिका अध्यक्ष बरतलाल राजवंशीले बताए ।

# २ केजी गाँजासहित अर्जुनधाराका दुई पक्राउ

झापा(प्रस)। करिव २ केजी गाँजासहित झापा अर्जुनधाराका दुईजना पक्राउ परेका छन् । बिहीवार दिउँसो ४.३० बजे अर्जुनधारा ६ पुष्पलाल चौक बस्ने बर्ष अन्दाजी ५९ की अमृतमाया लिम्बूको घरमा लागूऔषध गाँजा बिक्री



गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी चौकी शनिश्चरेबाट खटिएको टोलीले घर खानतलासी गर्दा १ केजी ८८२ ग्राम र इलाम १२ स्यानाङ्बा घर भई हाल अर्जुनधारा १ स्थित निर्माणाधीन झोलुङ्गे पुलमा काम गर्ने बर्ष अन्दाजी २० का रोशन भट्टराईको साथबाट ६ ग्राम ६३० मिलिग्राम गाँजा बरामद भएको हो । गाँजासहित दुबैलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# एसईईमा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण

झापा(प्रस) ।२०८१ सालको माध्यमिक शिक्षा परीक्षा(एसईई) मा ६१.८१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । शुक्रबार राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले एसईईको नतिजा सार्वजनिक गरेको हो ।

बोर्डका अध्यक्ष महाश्रम शर्माले यस वर्ष एसईईमा ग्रेडेड हुनेको प्रतिशत ६१.८१ रहेको बताएका हुन् । गत वर्षको तुलनामा यस वर्षको नतिजामा उल्लेख्य सुधार देखिएको छ । गत वर्ष ग्रेडेड हुनेको संख्या ४८ प्रतिशत थियो ।

बोर्डका अनुसार नियमिततर्फ जीपीए ३.६० देखि ४.० ल्याउनेको संख्या ४८ हजार १ सय ७७ रहेको छ । बोर्डका अनुसार जीपीए १.६० देखि २ जीपीए - ८ जना, जीपीए २ देखि



२.४०- ४,१२६ जना, जीपीए २.४० देखि २.८०- ४८,४७९ जना, जीपीए २.८० देखि ३.२०- ८९,१२४ जना, जीपीए ३.२० देखि ३.६०- ८१,३८५ जना, जीपीए ३.६० देखि ४- ४८,१७७ जना, नन ग्रेडेड- १,६७,५९७ जना गरी जम्मा पास विद्यार्थी संख्या २,७१,२९९ जना रहेको छ । एसईईमा कुल ४,३८,८९६ परीक्षार्थी सहभागी थिए । बोर्डका अनुसार कोशीमा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या ६,२५८ रहेको छ । त्यस्तै मधेशमा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या ४,१३८ , बागमतीमा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या २३,७८२, गण्डकीमा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या ४,८९५ ,लुम्बिनीमा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या ६,७५४ ,कर्णालीमा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या १,१३१ र सुदूरपश्चिममा जीपीए ३.६० देखि ४ ल्याउनेको संख्या १,२१९ रहेको छ ।

# धान रोप्दा रोप्दै महिलाको मृत्यु

झापा(प्रस)।झापाको कचनकवलमा धान रोप्दा रोप्दै एकजना महिलाको मृत्यु भएको छ । बिहीवार दिउँसो २.३० बजेतिर कचनकवल ६ बस्ने ५५ वर्षीया बोलोसरी राजवंशीको धान रोप्दा रोप्दै मृत्यु भएको हो । रोप्दा रोप्दै अचानक खेतमा ढलेपछि बोलोसरीलाई उठाएर आलीमा राखिएको थियो । त्यहाँबाट बनियानी स्वास्थ्य केन्द्र पुर्याउँदा मृत्यु भइसकेको मृतकका देवर सन्तलाल राजवंशीले बताए ।



आफ्नी भाउजुको शुक्रवार अन्त्येष्टि गरिएको उनले जानकारी दिए । बोलोसरीको ह्रदयाघात भएर मृत्यु भएको हुनसक्ने आशंका गरिएको छ । करिव १२ वर्षअघि बोलोसरीका श्रीमान्को पनि ह्रदयाघातकै कारण त्यसरी नै अचानक मृत्यु भएको थियो ।

# बनियानीमा प्राविधिक शिक्षालयको शिलान्यास

बनियानी (प्रस)। पूर्व उपप्रधान तथा गृहमन्त्री एवम् संविधानसभा सदस्य कृष्णप्रसाद सिटौलाले लोकतान्त्रिक व्यवस्था बिश्वकै उत्कृष्ट व्यवस्था भएकोले नेपालले निरंकुशताविरूद्ध लामो संघर्षपछि हासिल गरेको यो व्यवस्थालाई बलियो नबनाई मुलुक र जनताको हित र संमृद्धि हासिल हुन नसक्ने बताएका छन् ।

शुक्रबार झापाको बानियानीमा कचनकवल प्राविधिक शिक्षालयको शिलान्यास गर्दै प्रमुख अतिथि सिटौलाले नयाँ व्यवस्थामा पुरानो सोचले काम गर्न नसक्ने दाबी गर्दै नयाँ चिन्तन र सोच अनिवार्य रहेको धारणा राखे। प्राविधिक शिक्षाले दक्ष जनशक्ति उत्पादन गरी युवाहरुको कार्य क्षमता र आम्दानी समेत बढाउने भएकोले स्वदेश वा बिदेश जहाँ रहे पनि यो अत्यन्त उपयोगी हुने बताए।

पूर्व प्रदेशसभा सदस्य बसन्त बानियाँले मुलुकमा विकासको गतिलाई अघि बढाउन साझा अवधारणा र सर्वपक्षीय सहकार्य महत्वपूर्ण हुने बताउँदै दीगो र सन्तुलित विकासका परिणाममुखी कार्यहरू ढिलै भए पनि थालनी भइरहेकोप्रति सन्तोष व्यक्त गरे ।

झापाका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले वर्तमान



शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने थलो भएको आरोप लागिरहेको अवस्थामा प्राविधिक शिक्षा रोजगारीमुलक विकल्प बन्न सक्ने विचार व्यक्त गर्दै यसले युवाहरुको विदेश पलायनलाई रोक्न मद्दत पुग्ने बताए ।

कचनकवल प्राविधिक शिक्षालयका सहसंयोजक तथा पालिका उपाध्यक्ष नवराज भट्टराईले समाजवादको यात्रामा प्राविधिक शिक्षा कोशेढुंगा साबित हुने धारणा राख्दै यो प्राविधिक शिक्षालय यस भेगका लागि मात्रै नभई भोलिका दिनमा टाढा टाढासम्मका लागि पनि आत्मनिर्भरताको बाटो बन्ने बताए ।

५६७० वर्ग फिटमा ४ करोड ७९ लाख २१ हजार २८५ रुपैयाँ लागतमा बन्ने यो बहुवर्षे योजना २०८२ असार २ गते नेपाल सरकार सघन शहरी विकास तथा भवन निर्माण कार्यालय र खण्डपुर निर्माण सेवा बीच सम्झौता भई २०८४ जेष्ठ २० गते सम्पन्न हुने जानकारी गराइएको थियो ।

कार्यक्रममा शिक्षालयका लागि जग्गादाताहरु रतनलाल राजवंशी, फडिन्द्र दाहाल र गायक सबिन लिम्बूलाई सम्मान गरिएको थियो। नेका जिल्ला सभापति देउकुमार थेबे, सचिव कृष्ण हुमागाईं, भद्रपुर नगरपालिका प्रमुख गणेश पोखरेल, जिल्ला प्रहरी प्रमुख, सघन शहरी विकासका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

शिक्षालयका संयोजक तथा कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रसिंह राजवंशीको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत चिन्तामणि खरेल र सञ्चालन चेतन खतिवडाको रहेको थियो ।




# मेचीनगरमा इन्धनमा बेरुजु देखियो

मेचीनगर(प्रस) । मेचीनगर नगरपालिकाको दोस्रो नगरसभाको सातौँ अधिवेशन सम्पन्न भएको छ । नगरसभामा बेरुजुको विषयमा जनप्रतिनिधिहरुले कुरा उठाएका थिए ।




विहीबार सम्पन्न नगरपालिकाको दोस्रो नगरसभाको सातौँ अधिवेशनले आगामी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमसहितको बजेट पारित गरेको छ ।

मेचीनगरले कुल १ अर्ब ८२ करोड ६ लाख ८६ हजार ४३९ रुपैयाँको बजेट ल्याएको छ ।

नगरसभामा वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यहरुले इन्धन लगायतमा देखिएको बेरुजुका विषयमा कुरा उठाएका थिए । उनीहरुले जनताबाट निर्वाचित भएर आएपछि जनताकै काममा सधै कुदिरहेकोले त्यसमा खर्च भएकोले इन्धनमा बेरुजु आउनु ठिक नभएको गुनासो पोखेका थिए ।

वैठकमा प्रस्तावित बजेट र बेरुजुका विषयमा कार्यपालिका सदस्य अञ्जु थापा, माया प्याकुरेल, तिलजा देवान, वडा सदस्यहरु कुन्दन निरौला, हरिनारायण न्यौपाने, श्याम शिवाकोटी, विशाल कार्कीलगायतले कुरा राखेका थिए ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार मेचीनगर नगरपालिकामा २२ करोड ५६ लाख १२ हजार बेरुजु आएको छ । महालेखा परीक्षकको कार्यालयले देशभरका स्थानीय पालिकाको आर्थिक लेखा परीक्षण गर्दछ । कार्यालयले आर्थिक वर्ष २०८०/८१ को प्रतिवेदन सार्वजनिक गरेको थियो ।

हिसाब फस्र्यौट नहुनुलाई नै आर्थिक शब्दावलीमा बेरुजु मानिन्छ । पेश्की लिएर हिसाब फस्र्यौट नभएको देखिएको छ । करिव १३ करोड जति पेश्की लिएर हिसाब फस्र्यौट नभएको कार्यालयको भनाई छ ।

बेरुजु चार प्रकारले हुन्छ । पहिलो पेश्की, दोस्रो सैद्धान्तिक, तेस्रो असुल उपर र चौँथो अनियमितता सम्बन्धी बेरुजु । हिसाब फस्र्यौट नभएको बेरुजुलाई पेश्की बेरुजु, निर्णय प्रक्रिया पूरा नभएकोलाई सैद्धान्तिक बेरुजु, व्यक्तिगत लिएको असुल उपर बेरुजु र विल भरपाई मिलाउन बाँकी रहेको बेरुजुलाई अनियमितता भनिन्छ । चार प्रकारकै बेरुजुमा सिधै भ्रष्टाचार भन्न मिल्दैन । अदालत बाहेक कुनै संघ-संस्था र महालेखा परीक्षकको कार्यालयले पनि बेरुजुलाई भ्रष्टाचार भन्न पाइदैन ।

प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले विभिन्न शिर्षकमा बेरुजु भएको जानकारी दिए । स्थानीय सरकारले कामको अति आवश्यकता हेरेर वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यहरुले इन्धन प्रयोग गरेको उनले बताए । उनका अनुसार जनताकै काममा खटिएकाले नगरपालिकाले निर्णय गरेर न्यायिक समिति, जिम्मेवार जनप्रतिनिधिहरुलाई इन्धनको सुविधा दिइएको हो । मेचीनगरमा जनप्रतिनिधिले इन्धनको नाममा तीन लाख २० हजार ८२२ रुपैयाँ असुलउपर गर्नु पर्ने भनी बेरुजु महालेखा परीक्षकको कार्यालयले देखाएको छ । सामाजिक सुरक्षा भत्ता, विद्यालय, शिक्षक, कर्मचारी प्रायः सबैको नाममा असुल उपर गर्नु पर्ने बेरुजु देखिएको छ । नगरसभामा बेरुजुका विषयमा परिषद् सदस्यहरुले उठाएका प्रश्नमा नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले महालेखापरीक्षकको कार्यालयमा सम्परीक्षणको लागि निवेदन दिने तयारी गरिएको बताए । जनप्रतिनिधिहरुले धेरै काम गर्नु पर्ने भएकाले आवश्यकता अनुसार इन्धनको सुविधा दिइएको उनको भनाई छ ।

# पाँचथरमा भेटिएको विष्फोटक वस्तु सेनाद्वारा निष्कृय

फिदिम(प्रस) । पाँचथरको फिदिम नगरपालिका वडा नम्बर ६ का गोविन्दप्रसाद तुम्रोकको घरमा भेटिएको विष्फोटक पदार्थ नेपाली सेनाको टोलीले निष्कृय पारेको छ।

शुक्रबार बिहान घरको सेप्टीमा भेटिएको ग्रिनेट जस्तो देखिने वस्तु सेनाले मध्यान्हपछि निष्कृय गरेको हो। घरमा शंकास्पद वस्तु भेटिएपछि स्थानीयले प्रहरीलाई खबर शुक्रबार बिहानै खबर गरेका थिए।

त्यसपछि खटेको प्रहरी टोलीले घट्नास्थललाई सुरक्षित गरी पहिचान गर्दा विष्फोटक पदार्थ भएको खुलेपछि नेपाली सेना र प्रहरीले निष्कृय बनाएको हो।

नेपाली सेनाको फिदिमस्थित विर दल गणका गणपति किशोर अधिकारीले उक्त वस्तु इम्प्रोभाइज्ड एक्स्प्लोसिभ डिभाइस (आइइडी) रहेको बताए ।घरको सेप्टीमा राखिएको उक्त वस्तुमा धुँवा लागेर पुरानो देखिए पनि खतरायुक्त थियो। उक्त वस्तु डिस्पोजका क्रममा समेत पड्किएको सुरक्षा अधिकारीहरुले बताएका छन्। उक्त वस्तु २०५२-०६२ सम्म सञ्चालन भएको सशस्त्र द्वन्द्वका क्रममा राखिएको हुनसक्ने सुरक्षा अधिकारीहरुको ठहर छ।

उक्त बस्तु कति पुरानो हो भन्ने यकिन गर्न नेपाली सेनाले ल्याब परीक्षणका लागि पठाउने भएको छ। गतवर्ष पाँचथरको फालेलुङ ५ का आइतराज केरुङको घरमा भेटिएको यस्तै इम्प्रोभाइज्ड एक्स्प्लोसिभ डिभाइस (आइइडी) खेलाउँदा दुई बालबालिकाको ज्यान गएको थियो भने दुई जना घाइते भएका थिए। जिल्लामा द्वन्द्वका समयमा राखिएका विष्फोटक पदार्थ भेटिने क्रम जारी छ।

# पत्रकार गिरीको 'सदरमुकाम भद्रपुरको गाथा' लोकार्पण



भद्रपुर(प्रस) । झापाली पत्रकारितामा सकृय पत्रकारिता गरिरहेका अग्रज पत्रकार गोपाल गिरीद्वारा लेखिएको पहिलो कृति "सदरमुकाम भद्रपुरको गाथा" लोकार्पण भएको छ ।

झापाको सदरमुकाम भद्रपुरको इतिहास खोजी गर्दै तयार पारिएको अग्रज पत्रकार गिरीको प्रथम कृति "सदरमुकाम भद्रपुरको गाथा"को लोकार्पण नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष शिव गाउँले, भद्रपुर नगर प्रमुख गणेश पोखरेल, उपप्रमुख राधा कार्कीलगायतले गरेका हुन् ।

प्रेस क्लब भद्रपुरको आयोजना तथा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय अध्यक्ष शिव गाउँलेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्वागत गर्दै लेखक गिरीले नेपालकै पुराना शहरहरूको इतिहास बोकेको भद्रपुरलाई सत्य र तथ्यमा चिनाउने प्रयासस्वरूप पुस्तक जन्मिएको बताएका थिए ।

पुस्तक विमोचन गर्दै गाउँलेले नेपालका शहरहरु आफ्नै पृष्ठभूमिमा रहेकोले पुराना शहर हरुको इतिहास उजागर गर्दै जानु पर्ने बताए । मानव बस्ती सुरक्षित राख्न तराईमा औलो नियन्त्रणका कार्यहरू पूर्वमा भद्रपुरबाटै सुरुवात भएको बताउँदै मेची पुल शिलान्यासको इतिहासको विषयका बारेमा आफूले पटकपटक समाचार लेख्नेदेखि तत्कालीन सरकारका प्रधानमन्त्रीहरूसंग अन्तरवार्ता समेत लिएको स्मरण गरेका थिए । उनले वर्तमान प्रविधिले विश्वलाई नजिक ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेकोले गिरीले लेखेको पुस्तक अत्यन्त सान्दर्भिक रहेको उल्लेख गरेका छन् ।

क्लबका अध्यक्ष राजबाबु शंकरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पुस्तकको समीक्षा नागरिक एफ एमका प्रवन्ध निर्देशक एवम् नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति चिन्तामणि दाहाल र पत्रकार महासंघ झापाका पूर्व अध्यक्ष तारामणि सापकोटाले गरेका थिए ।

समीक्षक दाहालका अनुसार पुस्तक भद्रपुर नगरको इतिहासका लागि एउटा महत्वपूर्ण दस्तावेज रहेको बताएका छन् । उनले लेखकीय रूपमा प्रथम कृति भए पनि पुस्तक उत्कृष्ट लेखनका रूपमा रहेको प्रष्ट पारे ।

अर्का समीक्षक सापकोटाले सरल तथा सहज भाषा शैलीमा आएको पुस्तक भद्रपुरको पहिचान रहेको बताए ।

पत्रकार महासंघ झापाका सचिव राजु पाठकले संचालन गरेको कार्यक्रममा भद्रपुर नगर प्रमुख पोखरेल, उपप्रमुख कार्की, पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, प्रेस काउन्सिलका झविन्द्र भुसाल लगायतले मन्तव्य राख्दै स्थानीयताको पहिचानलाई राष्ट्रव्यापी बनाउन पुस्तक महत्वपूर्ण हुने धारणा राखेका थिए ।

# कुकुर , एक्वेरियम र चरा बिर्तामोडको एकैठाउँमा

बिर्तामोड(प्रस)। झापाको बिर्तामोडमा लुक्स केनल एण्ड फिस मार्ट खुलेको छ । कुकुर , एक्वेरियम र चरा पाल्न खोज्ने सौखिनहरुका लागि सुविधासम्पन्न मार्ट खुलेको हो ।




शुक्रबार एक संक्षिप्त कार्यक्रमका बिच मार्टका सञ्चालक युवराज दाहालकी माता रेणुका दाहाल र बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले संयुक्तरुपमा रिबन काटेर मार्टको उद्घाटन गरेका थिए।

पशु सहायक प्राविधिक दाहालले एउटै छातामुनि सबै सेवा उपलब्ध गराउने उद्धेश्यले ८० लाख रुपैयाँको लागतमा मार्ट शुरू गरेको बताए । २८ वर्षदेखि प्राविधिक क्षेत्रमा काम गर्दै आएका दाहालले विगत ५ वर्षदेखि व्यवसाय गर्दै आएका थिए। अहिले व्यवसाय विस्तार गरेर मार्टको रुपमा विकास गरेको दाहालले बताए ।

मार्टमा घरपालुवा कुकुर, चरा, एक्वेरियम उपलब्ध हुनेछ । कुकुर, चरा, बिरालो र माछाका लागि आवश्यक सम्पूर्ण खाद्यान्न, औषधि र एक्सेसरिज उपलब्ध हुने उनले बताए ।उद्घाटनको अवसरमा एक हप्तासम्म सामान खरिदमा १० प्रतिशत छुटको व्यवस्था गरिएको सञ्चालक कमला दाहालले जानकारी दिइन् । उद्घाटन कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघकी जनसम्पर्क उपाध्यक्ष गोमा भट्टराई, महासचिव कुशल खतिवडा, कोषाध्यक्ष युवराज निरौला, हिमालयन लाईफ इन्स्योरन्स कम्पनीका बिर्तामोड शाखा प्रमुख बद्री भण्डारीलगायत उपस्थित थिए । कार्यक्रम सागर रिजालले सञ्चालन गरेका थिए ।

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री भिमकुमारी पौडेल/ सरस्वती दाहालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री सिता राया ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९ ०१५९ | २१७ | ३३८.६३ | २०८२/ ०२ /२५ | २०८२/ ०२ /२५ | २०८२/ ०३/१२ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री सुरेस मानन्धर, उत्तरः श्री सुकबहादुर राईको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ४ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री हरि कुमार उप्रेती ले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९-०१२०-०१ | १३९ १४१ | १७७.७६ | २०८१/ १० /१२ | २०८१/ १०/०२ | २०८२/ ०३/११ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री गोविन्द अग्रवालको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री प्रदिप कुमार अग्रवालले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ५ | १७९०० ८०१७ | ५७ | ९१.५२ | २०८१/ ०९/०८ | २०८१/ ०९/०८ | २०८१/ १२/०८ |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पश्चिमः श्री नरेश अग्रवाल, दक्षिणः कमला देवी थपलिया को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. ४ बस्ने श्री कौशल्या श्रेष्ठले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ४ | १७९०१ ६० | २७६६ | १२६.९५ | २०८२/ ०२/१९ | २०८२/ ०२/१९ | २०८२/ ०३/०८ |

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

**फोनः**
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गत पर्ने ३३ के. भि. घैलाडुब्बा फिडरको बुसकटिङ कार्य गर्नुपर्ने भएकोले मिति २०८२/०३/१४ गते बिहान ०७ बजेदेखी दिउँसो ११ बजेसम्म ३३ के.भी. घैलाडुब्बा फिडर सटडाउन हुने बारेको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**– नेपाल विद्युत प्राधिकरण**
**अनारमनी वितरण केन्द्र**

## जलवायु परिवर्तनको असरबाट जोगिऔं

**जलवायु परिवर्तनका असरः**
- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,

**तापक्रममा वृद्धि हुने,**
- जलवायु परिवर्तनबाट बन्नः
- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- रूख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं
- जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बुझिनसक्नु छ

रौतहटमा बम विस्फोट भएन, त्रिलोक–ओसी मारिएनन्। सत्तारुढ नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री मोहम्मद अफताब आलमलगायतलाई सफाइ दिने भर्खरैको आदेशले सिनेमाजस्तो कथा दोहोऱ्याएको छ। रौतहटको राजा इँटाभट्टामा विस्फोटनको कुनै घटना नभएको ठहरसहित त्रिलोकप्रताप सिंह र ओसी अख्तरलाई अज्ञात देखाउँदै मारिएको भन्न नमिल्ने व्याख्या गरिएको छ। २०६४ चैत २७ गते साँझ ६ बजे राजा इँटाभट्टामा बम विस्फोट भएको थियो। संविधानसभा निर्वाचनलाई प्रभावित गर्ने गरी आलमले बमबारुदको तयारी गरेका थिए। त्यसैक्रममा परी २४ वर्षीय पिन्टु भनिने त्रिलोकप्रताप सिंह र २२ वर्षीय ओसी अख्तर घाइते भएका थिए। प्रत्यक्षदर्शीले तिनीहरूलाई घाइते मात्र भएको देखे पनि घटना लुकाउन इँटाभट्टामा हालेर जलाइएको दाबी परिवार र साक्षीले गरेका थिए।

रौतहट जिल्ला अदालतका न्यायाधीश खुसीप्रसाद थारु र अर्जुन महर्जनको संयुक्त इजलासले गत जेठ १४ मा गरेको फैसलामा साक्षीको भनाइलाई प्रमाणको रूपमा लिन नसकिने ठहर गरिएको छ। यस्तो किसिमको घटना नै नभएको भन्ने आधार लिएर फैसलामार्फत् आलम थुनामुक्त भइसकेका छन्। त्यसो त, उनलाई थुनामुक्त गर्ने कांग्रेस सभापति शेरबहादुर देउवाले सार्वजनिकरूपमा घोषणा नै गरेका थिए। २०७७ फागुन १९ मा गढीमाई नगरपालिका–६ धरमपुर, सिंगारवनमा विष्णु पुराण महायज्ञको शुभारम्भ गर्दै देउवाले आलमलाई झुठो मुद्दामा फसाइएको दाबी गर्दै भनेका थिए, 'अफताब जेलमा हुनुहुन्छ, उहाँलाई छुटाउन म आफ्नो तर्फबाट लागिरहन्छु।'

आलमलाई सफाइको आदेश दिने दुई न्यायाधीश थारु र महर्जनलाई सर्वोच्च अदालतमा हाजिर गराइएको छ। यससँगै कानुनमन्त्री अजयकुमार चौरसियाले आलमलाई सफाइका दिलाउन न्यायाधीशहरूलाई दबाब दिएको भनी न्यायपरिषद्मा उजुरीसमेत परिसकेको छ। मन्त्री चौरसियाले यसबीच विभिन्न न्यायाधीशलाई मुद्दामा प्रभाव पार्ने गरी टेलिफोनबाट हस्तक्षेप गर्ने गरेका घटनासमेत सार्वजनिक भइसकेका छन्। पछिल्ला दिनमा न्यायाधीशहरूले आपत्ति जनाउन थालेपछि र अन्यत्रबाट विरोधसमेत हुन थालेपछि तरिकामा परिवर्तन गरिएको र दबाब यथावत् राखिएको गुनासो पनि सुनिएकै छ।

सामान्यत: यस्ता मुद्दा सरकारवादी हुन्छ। सरकारको निकटका व्यक्तिलाई सहज तुल्याउनुपऱ्यो भने मुद्दालाई कमजोर बनाउने गरी अगाडि बढाइन्छ। जसका कोही छैनन्, तिनले मात्र हदैसम्मको सजाय भोग्न तयार हुनुपर्छ। इँटाभट्टामा जिउँदै मानिस जलाएको जस्तो गम्भीर घटनामा समेत शीर्ष नेताले पक्षपोषण गर्ने र कालान्तरमा परिणाम अपेक्षाअनुरूप नै आउँदा स्वाभाविकरूपमा चिन्ता र चासो हुन्छ। शक्तिशालीमाथि मुद्दा चले पनि त्यसलाई कमजोर बनाएर सजाय कम गराउने वा मुक्त गर्ने प्रवृत्ति अगाडि बढ्दा स्वाभाविकरूपमा न्यायालयप्रतिको जनआस्था कमजोर हुन जान्छ। अहिले सर्वोच्च अदालतले यसमा छानबिन अगाडि बढाएका कारण आशा जाग्नु स्वाभाविक हो। कतिपय मुद्दामा त जानाजान ढिला गरेर सार्वजनिक विस्मृतिको फाइदा उठाउने गरेको समेत देखिएको छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रविधिकै कारण रूपान्तरण



• प्रेमनारायण भुसाल

पछिल्लो दशकमा सूचना प्रविधि तथा कम्प्युटर इन्जिनियरिङका क्षेत्रमा आमूल विकास भएको छ । विद्युतीय उपकरण र इन्टरनेटमा सर्वसाधारणको सहज पहुँच हुनु ठुलै उपलब्धि हो । अत्याधुनिक प्रविधिका कारण कृषिबाट चिकित्सासम्म, मनोरञ्जनबाट अन्तरिक्षको अन्वेषणसम्म निकै नै परिवर्तन देखिएको छ । साँच्चै भन्ने हो भने जुनसुकै पेसा व्यवसाय वा क्षेत्रमा संलग्न भए पनि विद्युतीय उपकरण र इन्टरनेट अपरिहार्य भएका छन् । यिनको उपस्थितिबिना सामान्यभन्दा अति सामान्य काम पनि सम्पादन गर्न कठिन हुने परिस्थिति सिर्जना भएको छ । ग्याजेट र इन्टरनेटका सकारात्मक प्रभावकै कारण लामो समयमा सम्पन्न हुने काम सहज बन्दै गएका छन् । शिक्षा क्षेत्र पनि प्रविधिकै कारण रूपान्तरित भएको छ । महामारी वा अन्य विपत्का अवस्थामा अनलाइन माध्यमबाट घरमै बसी अध्ययन अध्यापन गर्ने पद्धति कोरोना महामारीले विकास गऱ्यो ।

नेपालका सहरी र केही ग्रामीण क्षेत्रमा महामारीका समयमा अनलाइनका माध्यमबाट अध्ययन अध्यापनका क्रियाकलाप सम्पन्न भए । देशको ठुलो जनसङ्ख्याले मोबाइल र अन्य माध्यमबाट इन्टरनेटमा पहुँच राखेका तथ्य आधिकारिक निकायका प्रतिवेदनमा सार्वजनिक भएका छन् । विकासको पूर्वाधारकै रूपमा ग्रहण गरिने सूचना तथा सञ्चारको विस्तारले चेतनाको स्तर विकास गर्नुका साथै विकास निर्माण र आधुनिक दृष्टिकोणको विकास भएको छ । यसले समाजमा सकारात्मक परिवर्तनका लागि उल्लेख्य योगदान पुऱ्याएको छ ।

एक्काइसौँ शताब्दीका सिकाइ उपलब्धिमा साइबर साक्षरतालाई पनि मुख्य तत्वका रूपमा राखिएको छ । इन्टरनेटमा दखल नहुने हो भने व्यक्तिले कुनै पनि क्षेत्रमा प्रभावकारी भूमिका वहन गर्न सक्दैन अर्थात् इन्टरनेट एक्काइसौँ शताब्दीको आधारभूत र अति आवश्यक पक्ष हो भन्ने कुरालाई आत्मसात् गरी यसलाई सिकाइ साक्षरताको प्रमुख अङ्गका रूपमा राखिएको हो । उपयुक्त किसिमले प्रयोग गरेमा ग्याजेट र इन्टरनेट अध्ययन अनुसन्धान र नवप्रवर्तनका लागि राम्रा सहयोगी सामग्री बन्न सक्छन् ।

इन्टरनेटसम्मको पहुँच विस्तारका लागि कुनै न कुनै विद्युतीय ग्याजेट आवश्यक पर्छ । मोबाइल, ल्यापटप, कम्प्युटर यसका लागि अति उपयोगी सामग्री हुन् । यिनको प्रयोग गरी इन्टरनेटको महासागरमा भएका यावत् विषयसँग सम्बन्धित ज्ञान र सिप सहजै प्राप्त गर्न सकिन्छ । ग्याजेट अनुसन्धान र अध्ययनका क्षेत्रमा मात्र नभएर यसभन्दा धेरै गुणा बढी मनोरञ्जनका क्षेत्रमा प्रयोग हुने गरेको छ । विश्व सञ्जालमा भएका सूचना ग्रहण गरी लाभ लिन नसक्ने जनसङ्ख्या ग्याजेटका माध्यमबाट क्षणिक मनोरञ्जनमै भुलेको देखिन्छ ।

सामाजिक, आर्थिक र वैयक्तिक उन्नति नहुने र व्यर्थमा समय व्यतीत भई आफ्ना नियमित काममा नकारात्मक प्रभाव पर्ने गरी ग्याजेटमा भुल्नु ग्याजेट एडिक्सन हो । लामो समयसम्म एकोहोरो ग्याजेटमै झुम्मिनुले व्यक्तिको सामाजिक, बौद्धिक र संवेगात्मक विकासमा नकारात्मक असर पार्छ । महामारीपछि अभिभावकमा छोराछोरीलाई ग्याजेट उपलब्ध गराए राम्रो गर्न सक्छन् भन्ने धारणा विकास भएको पाइएको छ । अर्को किसिमले भन्ने हो भने महामारी र यसपछिको समयमा धेरै बालबालिकाको ग्याजेटमा सहज पहुँच विस्तार भएको छ । कुनै पनि वस्तुलाई निरपेक्ष रूपमा फाइदाजनक वा हानिकारक भन्न सकिँदैन । वस्तुको मूल्य र महत्व यसको उपयोगितामा निर्भर गर्छ । आत्मसुरक्षाका लागि प्रयोग हुने हतियार व्यक्तिको मनोवृत्ति खराब भएमा आत्महत्याको साधन बन्न सक्छ । यस्तै मानवलाई सर्वश्रेष्ठ बनाउने आगो सही किसिमले प्रयोग नभएमा मानव सभ्यताकै विनाशको कारक बन्न सक्छ । ग्याजेट पनि यस्तै संवेदनशील विषय हो जो प्रयोगकर्ताको प्रयोग गर्ने तरिका र आवश्यकताका आधारमा उपयोगी वा अनुपयोगी बन्ने गर्छ ।

बालबालिकाका सन्दर्भमा छोटो समय ग्याजेट र इन्टरनेटको प्रयोग गरिनु अध्ययनले लाभदायी नै देखाएका छन् । यसो भन्नुको तात्पर्य ग्याजेटमा लत बसाउने वा ग्याजेटमा लीन भएर मात्र कलिला बालबालिकाले खाना खाने वा सामान्य क्रियाकलाप गर्ने बानी बसाउनु ठिक हो भनेको भने होइन । पाँच वर्षमाथिका बालबालिकाले अभिभावकको निगरानीमा निश्चित समय ग्याजेटका माध्यमबाट इन्टरनेटका सामग्री खोज्ने, उमेर र अवस्था अनुसार प्रयोग गर्ने अभ्यास गर्नु साइबर साक्षरता हो । यसका विपरीत अभिभावकको आँखा छली स्वच्छन्द रूपमा इन्टरनेटमा भएका सबै खाले सामग्रीमा पहुँच बढाउनु र लामो समयसम्म ग्याजेटमै अल्मलिनु भने एक किसिमको एडिक्सन नै हो । यसले गहन रूपमा अध्ययन गर्ने बानीलाई नष्ट गरिदिन्छ र व्यक्तिलाई अल्छी अनि बेकामे बनाइदिन्छ ।

ग्याजेटमा लत लागेपछि व्यक्तिमा मनोसामाजिक समस्या देखिन थाल्छन् । सामाजिकीकरणमा अवरोध सिर्जना हुनु, अनावश्यक ठाउँमा रिसाउनु वा अस्वाभाविक व्यवहार प्रदर्शन गर्नु, आत्मनियन्त्रण गर्न नसक्नु एवं तत्काल प्रतिफलको अपेक्षा गर्नु जस्ता लक्षण व्यक्तिमा विकास हुन थाल्छन् । उनीहरू तत्कालीन आनन्दका लागि मात्र काम गर्न अग्रसर हुन्छन् । यसले सामाजिक सन्दर्भ, सम्बन्ध, वैयक्तिक विकास, जीवनोपयोगी एवं पेसागत सिप आर्जनमा बाधा पुऱ्याउँछ ।

इन्टरनेट जीवनकै अङ्ग बनेकाले व्यक्तिको आन्तरिक र बाह्य व्यक्तित्व मात्र होइन, साइबर/इन्टरनेट व्यक्तित्वसमेत अध्ययनको विषय बनेको छ । व्यक्तिले इन्टरनेटमा के कस्ता सामग्री खोज्छ, उसले कस्ता किसिमका स्रोतमा पहुँच विस्तार गरेको छ र स्वयम्ले के कस्ता सामग्रीहरूलाई इन्टर नेटमा प्रविष्टि दिएको छ भन्ने आधारमा कुनै पनि व्यक्तिको साइबर वा इन्टरनेट व्यक्तित्व पहिचान गर्न सकिन्छ । व्यक्तित्वका आयाम विस्तारसँगै साइबर व्यक्तित्वले उसका जीवनमा सर्वाधिक प्रभाव परेको देखिएको छ । साइबर व्यक्तित्वलाई स्वस्थ र सन्तुलित राख्न इन्टरनेटको सदुपयोग र ग्याजेटमा बिताउने समयको व्यवस्थापन गर्न जान्नु पर्छ । कम्तीमा १६ वर्षमुनिका बालबालिकालाई शिक्षक र अभिभावकले साइबर व्यक्तित्व विकासमा अवरोध पुऱ्याउने पक्षका बारेमा सजग रहन सिकाउनु पर्छ ।

हाम्रो समाजमा आधुनिकताको पहिचानका रूपमा मोबाइल, ल्यापटप, ट्याब्लेट जस्ता उपकरणहरूको प्रयोग बढ्दै गएको छ । 'जेन जी' पुस्ता कुनै पनि विषयवस्तुको जानकारी लिन मात्र होइन, विद्यालयमा दिइएका गृहकार्य गर्नका लागि समेत ग्याजेट र इन्टरनेटको प्रयोग गर्न रुचाउँछ । कृत्रिम बौद्धिकताका कारण दुर्लभ सामग्री विद्यार्थीले सहजै प्राप्त गर्न सक्छन् । कुनै पनि विषयमा जानकारी लिन मात्र होइन सिर्जनात्मक कामका लागि समेत कृत्रिम बौद्धिकताको प्रयोग संसारभर बढ्दै गएको छ । यसले बौद्धिक कसरत गरी भौतिक, सामाजिक तथा मानसिक विकास गर्नुपर्ने उमेरका बालबालिका ग्याजेट तथा इन्टरनेटमा निर्भर बन्ने हुन् कि भन्ने चिन्ता बढ्दै गएको छ । यी सामग्रीको उपयोग गर्न जान्नु अपरिहार्य छ तर ग्याजेटको अभावमा कुनै पनि काम गर्न नसक्ने अवस्था सिर्जना हुनु जीवनलाई असहजताको ढोकातिर धकेल्नु जस्तै हो ।

अभिभावकको संलग्नताबिना स्वच्छन्द रूपमा उपलब्ध गराइएको इन्टरनेट र ग्याजेटले बालबालिकालाई हिंस्रक किसिमका खेल र अन्य असामान्य एवं असामाजिक क्रियाकलापमा उद्यत बनाउँदै लगेको पाइन्छ । आजकल इन्टरनेटको लतकै कारण पठनपाठन बिग्रेको, सामाजिक व्यवहारमा विचलन आएको र मानसिक रूपमा समेत विक्षिप्त हुँदै गएको भनी अस्पताल तथा परामर्श केन्द्रमा आउने अभिभावकको सङ्ख्या बढ्दै गएको छ । छोराछोरीलाई ग्याजेट तथा इन्टरनेट नदिएर पनि नहुने र दिएपछि कुलतमैसमेत लाग्न सक्ने भयले आमअभिभावक त्रसित भएको पनि देखिन्छ । एक्काइसौँ शताब्दीमा यी साधनबाट कुनै पनि व्यक्तिलाई टाढा राख्नु सम्भव छैन र राखिनु पनि हुँदैन तर पौडी खेल्ने सिप नभएको व्यक्तिलाई समुद्रको छालमा छोडिदिए जस्तै ग्याजेटका प्रभाव र असरका बारेमा नबुझेका कलिला बालबालिकालाई स्वच्छन्द छोडिदिनु घातक काम हो ।

राज्यले बालबालिकाका लागि उपयोगी नभएका वा उनीहरूको व्यक्तित्व विकासमा बाधा सिर्जना गर्ने असामान्य असामाजिक र प्रौढ साइटमाथि नियन्त्रण गर्न नसकेको वर्तमान परिप्रेक्ष्यमा ग्याजेटको दुष्प्रभावबाट परिवार र समाजलाई बचाउन निगरानी वा सुपरिवेक्षणसहितको सुविधा बालबालिकालाई उपलब्ध गराउनु उपयुक्त हुन्छ । आधुनिक सुविधाले सम्पन्न बनाउनु नै ग्याजेट र इन्टरनेटको दुनियाँमा बालबालिकालाई खुला छोड्नु हो भन्ने बुझाइ रह्यो भने यसले नशालु पदार्थले भन्दा नराम्रो असर बालमस्तिष्कमा पार्ने देखिन्छ । ग्याजेटको दुष्प्रभावबाट बचाउन हरेक अभिभावक, परिवार, समाज र सामाजिकीकरणका अन्य एकाइहरूले जिम्मेवारीपूर्ण तरिकाले काम गर्नु आवश्यक छ । तिनै तहका सरकारले सामाजिक सुरक्षा, विकास र एकताको भावनालाई मजबुत बनाउनका लागि र स्वस्थ नयाँ पुस्ता निर्माणका लागि पनि ग्याजेटको दुष्प्रभावबाट सिर्जना हुने असामान्य अवस्थालाई नियन्त्रण गर्न आवश्यक रणनीति तयार गर्न ढिलाइ गर्नुहुन्न ।

# ज्येष्ठ नागरिकको जीवन



• गम्भीरबहादुर हाडा

सामान्यता ६० वर्षमाथि उमेर पुगेका समूहलाई बुढ्यौली अवस्था भनिन्छ। उमेरसँगसँगै शरीरमा विभिन्न प्रकारका स्वाथ्य समस्याहरू देखा पर्छन् । विशेषगरी वृद्धावस्थामा लाग्ने रोगहरूलाई उमेरअनुसार शरीरमा आएको सामान्य परिवर्तन सोची हेलचेक्र्याइँ गर्ने गरेको देखिन आउँछ । वृद्धा श्रममा प्रायः सबै कुनै न कुनै स्वास्थ्य समस्याले ग्रस्त रहेका तथा निरन्तर औषधि सेवन गरिरहेका छन् ।

वृद्धा अवस्थामा धेरै सताउने रोगमध्ये दम र मधुमेह पनि एक हो। शरीरको प्यान्क्रियाजबाट निस्कने इन्सुलिन नामको ग्रन्थी रस कम भएर वा यसले गर्नुपर्ने काममा रोकावट आई रगतमा ग्लुकोजको मात्रा बढेर मधुमेह हुने गर्छ । यो एक दीर्घरोग हो, यसले विश्वको ठूलो जनसंख्यालाई प्रभाव पारेको छ। विश्व स्वास्थ्य संगठनको एक तथ्यांकअनुसार सन् २००० मा २ दशमलव ८५ प्रतिशत जनसंख्यालाई मधुमेह भएको पाइएको थियो । र, सन् २०३० सम्ममा यो बढेर ४ दशमलव ४५ प्रतिशत हुने अनुमान गरिएको छ। बुढ्यौलीपनले छोएपछि स्वास्थ्यमा धेरै किसिमका रोगले च्याप्ने गर्छ। त्यसमध्ये दम मुख्य रोग नै हो। सबैभन्दा बढी वृद्धवृद्धालाई दमको समस्याले ग्रस्त बनाएको छ ।

श्वासप्रश्वासको प्रमुख अंग फोक्सोमा कुनै रोगका कारण असर परेर श्वासप्रश्वासमा उत्पन्न हुने समस्या वा अप्ठेरो नै सामान्य अर्थमा दम हो। यो वास्तवमा कुनै रोग नभएर विभिन्न रोगहरूको लक्षण हो । यसको प्रमुख कारण फोक्सोमा कुनै कारणबाट हुने खराबी हो । यही फोक्सो बिग्रिएर रगतमा पुग्ने अक्सिजनको प्रवाहमा गडबडी उत्पन्न भएमा श्वास फेर्न गाह्रो हुन्छ। हरेक नागरिकप्रति राज्यको निश्चित दायित्व हुन्छ। त्यसमा पनि वृद्धवृद्धाप्रति विशेष जिम्मेवारी हुनु स्वाभाविक हो । सबै नागरिकले उमेर हुन्जेल देशको लागि केही न केही गरेका हुन्छन् नै । नागरिकको राज्यप्रति कर्तव्य भएझैं राज्यको पनि व्यक्तिप्रति जिम्मेवारी हुन्छ। विशेषतः यो जिम्मेवारी वृद्धावस्थाका नागरिकप्रति रहन्छ । श्रम र शक्तिमा कम हुने वृद्धवृद्धालाई विशेष हेरचाहको आवश्यकता हुन्छ। कार्यक्षमतामा कमी हुने भएकाले आर्थिक रूपमा पनि उनीहरू क्मजोर रहन्छन् । यसको कारण परिवार, समाजबाट पनि पर्याप्त माया-ममता, प्रतिष्ठा, स्याहारसुसार पाउँदैनन् । व्यस्त र यान्त्रिक जीवनशैलीका कारण संयुक्त परिवारको चलन हराउँदै गइरहेको छ ।

६० वर्षभन्दा माथिका उमेरका ज्येष्ठ नागरिकहरूलाई आर्थिक हिसाबले 'निष्क्रिय' जनसंख्या मान्ने चलन छ । तर नेपालमा सबै ज्येष्ठ नागरिकका लागि यो परिभाषा लागू हुँदैन। सन् २००८ मा नेपालमा गरिएको श्रम सर्वेक्षणको नतिजाले देखाएअनुसार यस्ता ज्येष्ठ नागरिकहरूको नेपालको कूल श्रमशक्तिमा ०.६ प्रतिशत योगदान छ (राष्ट्रिय श्रमशक्ति सर्वेक्षण, २००८) । ग्रामीण क्षेत्रमा बस्नेमात्र होइन, सहरी क्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिकहरूको स्थिति पनि दयनीय छ । बढ्दो आधुनिकता र प्रविधिले गर्दा घरभित्रकै युवा पुस्ता र बालबालिकाहरूसँगको हजुरबा, हजुरआमाको सम्बन्ध टाढिँदै गएको छ। अझ धेरैजसो युवायुवतीहरू उच्च शिक्षा तथा गुणस्तरीय शिक्षा र राम्रो कामको लागि घरपरिवार छाडेर बाहिरिनुपर्ने बाध्यता पनि छ। यसले गर्दा पनि उनीहरूले आफ्ना बाबुआमाको राम्रो हेरचाह गर्न र सँगै बस्न नपाउने स्थिति छ ।

फलस्वरूप वृद्ध बाबुआमाहरूले नितान्त एक्लिएको महसुस गर्ने, एक्लैएक्लै बसेर जीवन गुजारा गर्नुपर्ने हुन्छ। अझ हातखुट्टा राम्रोसँग नचल्दा र शरीरको राम्रो हेरचाह नपुग्दा आवश्यक काम पनि गर्न नसक्ने जस्ता अनेक मानसिक तथा शारीरिक तनावहरू उत्पन्न हुने गर्छन् । कतिपय ज्येष्ठ नागरिकहरूले काम गरिरहे पनि उनीहरूले कामअनुसारको 'दाम' भने नपाएको स्थिति छ । गाउँघरमा जस्तो सहरी क्षेत्रका पाका व्यक्तिहरू उत्पादनशील काममा लाग्ने गरेको कमै पाइन्छ। घरभित्रको काम गरे पनि आम्दानीमूलक काम उनीहरूसँग हुँदैन। जसले गर्दा आफूले खर्च गर्न मन लागेको बेला खर्च गर्न उनीहरूले पैसा पाउँदैनन् । यसरी सहरमा बस्ने ज्येष्ठ नागरिकहरू पनि अनेक समस्याले जेलिएका छन् ।

ज्येष्ठ नागरिकहरूको व्यावहारिक अनुभवको महत्त्व छ। वृद्धहरूले आफू सक्रिय भएर काम गर्न सक्दैनन् तर काम कसरी गर्दा प्रभावकारी हुन्छ भनी युवाहरूलाई सिकाउन सक्छन् । वृद्धहरूसँग बितेको समयको ज्ञान र अनुभव हुन्छ, जसलाई हामी इतिहासका रूपमा अध्ययन गर्न सक्छौं । वृद्धहरूलाई सिर्जनात्मक काममा लगाई देश विकासमा सहभागी गराउन सकिन्छ। हामीलाई परम्परागत मूल्य, मान्यता, रीतिरिवाज आदिका बारेमा ज्ञान प्राप्त हुन्छ। वृद्धहरू हामीलाई जीवन प्रदान गर्ने जन्मदाता हुन् र हाम्रो भविष्य राम्रो बनाउने कार्यमा उनीहरूको सक्रिय भूमिका रहन्छ। वृद्धहरूबाट परिवारमा बालबच्चाको उचित हेरचाह र ठूलाले आवश्यक सुझाव र सहयोग प्राप्त गर्दछन् ।

नेपालको संविधान २०७२ ले ६० वर्ष वा सोभन्दा माथिको उमेरसमूहलाई ज्येष्ठ नागरिक भनी परिभाषित गरेको छ। मानसिक स्वास्थ्य समस्याका बारेमा कुरा गर्दा यो एउटा जोखिमको उमेर हो। विश्व स्वास्थ्य संगठनले ६० वर्ष वा सोभन्दा माथिका लगभग १५ प्रतिशत मानिस कुनै न कुनै प्रकारका मानसिक विकारबाट पीडित छन् भन्ने तथ्य प्रस्तुत गरेको छ। ज्येष्ठ नागरिकमा देखा पर्ने मानसिक समस्यामा उदासीनता, चिन्ता, तनाव, आघात, समायोजन, लागुपदार्थ दुरुपयोग आदि पर्छन् । सामान्यतया यो अवस्थामा मानसिक स्वास्थ्यमा समस्या बढ्नुका केही कारणमा शारीरिक परिवर्तन, एक्लोपन, परनिर्भरता, अवकाशपछिको योजना नहुनु साथै शारीरिक रोगहरू र अनिद्रा आदि पर्छन् । त्यस्तै अहिलेको समयानुकूल नयाँ प्रविधिबारे जानकार नहुँदा र बढी चिन्ता लिने बानीले गर्दा पनि ज्येष्ठ नागरिकमा मानसिक समस्याले सताउने गरेको पाइएको छ ।

नेपालको सन्दर्भमा विगतको तुलनामा बुढ्यौली जनसंख्यामा वृद्धि हुँदै गएको पाइन्छ । तथ्यांकअनुसार नेपालमा कुल जनसंख्याको करिब ८ प्रतिशत जनसंख्या बुढ्यौली रहेको देखिन्छ। जसमध्ये पनि प्रत्येक १० जनामा ६ जना ६०–७० को उमेर समूहमा रहेका छन् भने जम्मा बुढ्यौली जनसंख्या पाँच भागको एक भाग बुढ्यौली जनसंख्या ७५ वर्ष माथिको रहेको छ। बुढ्यौली जनसंख्याको सूचकको रूपमा लिइने मध्यउमेर नेपालमा २२.२३ वर्ष रहेको छ । यस कारण नेपालको जनसंख्याको मध्यउमेर २० वर्षमाथि भएकाले यो जनसंख्या बुढ्यौली उन्मुख जनसंख्या हो । सन् २०२१ को विश्व जनसंख्या तथ्यांक तालिकाका अनुसार नेपालको औसत आयु पुरुषको ७१ वर्ष र महिलाको ७३ वर्ष रहेको छ। यसैगरी वृद्ध आ श्रत अनुपात सन् २०२१ को जनगणनाअनुसार १४.०६ रहेको छ भने बुढ्यौली जनसंख्याको लैंगिक अनुपात २००१ मा १०१ र २०११ मा ९८ रहेकोमा २०२१ मा ९४ रहेको छ। यसैगरी बुढ्यौली सूचकांक सन् २०२१ को जनगणना अनुसार ३६.७ रहेको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयबाट प्रकाशित गरिएको राष्ट्रिय जनगणना २०७८ को मुख्य नतिजामा उल्लेख गरिएअनुसार कुल जनसंख्याको ६१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन् । गत २०६८ सालमा यो उमेरसमूहका जनसंख्या ५६.९६ प्रतिशत मात्र रहेको थियो । हाल १४ वर्ष वा सोभन्दा कम उमेरका र ६० वर्ष वा सोभन्दा माथिल्लो उमेरका जनसंख्या क्रमशः २७.८३ प्रतिशत र १०.२१ प्रतिशत रहेको छ । ज्येष्ठ नागरिकसम्बन्धी पहिलो विश्व सम्मेलन सन् १९८२ जुलाई २६ देखि अगस्ट ६ सम्म अस्ट्रियाको भियनामा भएको थियो। दोस्रो सम्मेलन सन् २००२ अप्रिल ८ देखि १२ स्पेनको म्याड्रिडमा सम्पन्न गरियो । सन् १९९० मा बसेको संयुक्त राष्ट्रसंघ महासभाले प्रत्येक वर्ष १ अक्टोबरलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने प्रस्ताव पारित गरेको थियो । पारित प्रस्तावमा वृद्धवृद्धाहरूका स्वतन्त्रता, सहभागिता, रेखदेख, आत्मसन्तुष्टि र मर्यादालाई प्राथमिकता दिनुपर्ने उल्लेख छ ।

ज्येष्ठ नागरिकमाथि हुने विभिन्न प्रकारका दुर्व्यवहारमध्येमा पाँच प्रकारका दुर्व्यवहार प्रमुख छन्ः

शारीरिक दुर्व्यवहार : मारपिट गर्नु, जबरजस्ती काम लगाउनु, औषधि उपचार नदिनुजस्ता व्यवहार हुँदै आएको छ ।

आर्थिक शोषण : जग्गाजमिन हिनामिना गर्नु, पेन्सन वा आम्दानीको स्रोत कब्जा गर्नु, जबर जस्ती सम्पत्ति आफ्नो नाममा गराउनु जस्ता काम यसभित्र पर्छन् ।

भावनात्मक दुर्व्यवहार : गालीगलौज, उपेक्षा, बेइज्जती, दोष लगाउने, आदर सम्मान नगर्ने, पारिवारिक राय सुझाव नमान्ने, व्यवहार भावनात्मक दुर्व्यवहारका रूप हुन् ।

यौन दुर्व्यवहार : ज्येष्ठ नागरिकको इच्छाविपरीत जबरजस्ती उनीहरूलाई यौन सम्बन्धित कार्यमा लगाउनु, स्वीकृतिबिना करणी गर्नु वा करणी गर्ने मनसायको क्रियाकलाप गर्नु, संवेदनशील अंगमा छुनु जस्ता व्यवहार यौन दुर्व्यवहारभित्र पर्छन् ।

बेवास्ता : यसमा खाना, लुगा, स्वास्थ्य, उपचार, स्याहार संहारमा बेवास्ता गर्नु, आवश्यकता पूरा नगर्नु जस्ता क्रियाकलाप पर्छन् ।

नेपालको संविधान २०७२ को धारा ४१ मा

❖ बाँकी तेस्रो पृष्ठमा

# एसईईको पूरक परीक्षा साउन २९ देखि

झापा । राष्ट्रिय परीक्षा बोर्ड सानो ठिमी भक्तपुरले २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक परीक्षा २०८२ साउन २९ गते बिहीबारबाट हुने जनाएको छ ।

शुक्रबार प्रकाशित नतिजामा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीले पूरक परीक्षा दिन पाउने छन् ।

बिहान ८ बजेदेखि ११ बजेसम्म हुने परीक्षा साउन २९ देखि भदौ ६ गतेसम्म हुने छ । साउन २९ गते अनिवार्य अंग्रेजी हुने छ भने भदौ ६ गते शुक्रबार प्राविधिक धारतर्फका विषयको परीक्षा हुने जानकारी बोर्डले दिएको छ । परीक्षासम्बन्धी विस्तृत जानकारी २०८२ असार १४ गतेको गोरखापत्रमा पढ्न सकिने जानकारी पनि बोर्डले दिएको छ । परीक्षार्थीले पुरानै प्रवेशपत्रबाट परीक्षा दिन पाउने छन् ।

# ट्र्याक्टरसंग ठोक्किएर मोटरसाइकल चालकको मृत्यु

झापा(प्रस)। मोरङमा ट्र्याक्टरसंग ठोक्किएर मोटरसाइकल चालकको मृत्यु भएको छ ।




बिहीवार राति ८.२५ बजे मोरङ सुनवर्षी नगरपालिका ८ विश्वकर्मा चौकस्थित सिजुवा-बिराटनगर हुलाकी सडकखण्डमा झपडतलबाट डाइनियातर्फ जाँदै गरेको को.१ त.६१९१ नं. को ट्र्याक्टरको पछाडिबाट सोहि दिशातर्फ जाँदै गरेको प्रदेश१-०२-०४५ प ९१६३ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक मोरङ रतुवामाई ३ चौकीघाट बस्ने ४३ वर्षीय ढक्कुलाल गनगाई घाइते भई रंगेली अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बिराट नर्सिङ होम बिराटनगर लगिएकोमा राति १;२५ बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि तत्काल फरार रहेका ट्र्याक्टर चालक सुनबर्षी ९ बिर्ता बस्ने २९ वर्षीय राजकुमार ऋषिदेबलाई इलाका प्रहरी कार्यालय रंगेलीले नियन्त्रणमा लिएको छ ।

# झापा गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर

कुमरखोद(प्रस)।झापा गाउँपालिकामा निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

झापा गाउँपालिकाको ४ नं वडा कार्यालयको आयोजनामा भएको एक दिवसीय निःशुल्क शिविरमा ६८ महिला र ४३ पुरुष १११जनाले निःशुल्क स्वास्थ्य जाँच गराएको वडा अध्यक्ष मोहमद ताहिरले जानकारी दिएका छन् ।स्वास्थ्य शिविरमा हाडजोर्नी , नसा तथा वाथरोग, , स्त्री तथा प्रसुति , फिजिसियन , पाईल्स , पिस्टुला, हाइड्रोसील , ईसीजी सेवा विशेषज्ञ डाक्टरद्धारा निःशुल्क प्रदान गरिएको वडा सचिव प्रतिमा रिमालले जानकारी दिएकी छन् । वडाध्यक्ष ताहिरले स्वास्थ्य शिविरमा निःशुल्क औषधी वितरणसमेत गरिएको वताए । शिविरमा निःशुल्क औषधी वितरण र प्राविधिक सहयोग न्युरो फार्मेसी एण्ड पाथिभरा क्लिनिक सुरुङ्गाले गरेको थियो ।

# शनिबारदेखि भारी वर्षा हुने



झापा(प्रस) । शनिबारदेखि तीनवटा प्रदेशमा भारी वर्षा हुने हुने भएको छ। मौसम पूर्वानुमान महाशाखाले मनसुन विशेष मौसम बुलेटिन जारी गरेर हाल मनसुनको न्यून चापीय रेखा पूर्वमा सरदर स्थानमा तथा पश्चिममा सरदर स्थानबाट दक्षिणतर्फ अवस्थित रहेको र शनिबार साँझबाट उक्त रेखा सरदर स्थानबाट उत्तरतर्फ पश्चिम नेपालको केही नजिक सर्ने सम्भावना देखिएको जनाएको छ।

उक्त प्रभावले कर्णाली प्रदेशको पहाडी भूभाग, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पहाडी र तराईका भूभागमा मनसुन सक्रिय हुने सम्भावना रहेको जनाएको हो।

महाशाखाका अनुसार बंगालको खाडी तथा अरबको सागरबाट प्रवाह हुने जलवाष्पयुक्त हावाको साथै त्यस क्षेत्रहरूमा न्यून चापीय प्रणालीको प्रभावको कारण असार १४ गते शनिबार साँझदेखि सोमबार बिहानसम्म कर्णाली प्रदेशको पहाडी भूभाग, सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका पहाडी र तराईका भूभागका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ।

साथै अन्य प्रदेशको पहाडी भूभागका एक-दुई स्थानमा समेत भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ। सम्भावित वर्षाको कारणले भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेकोले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकोले आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायहरूमा महाशाखाले जनाएको छ।

# नेत्रहीन संघले मनायो जन्मजयन्ती र स्थापना दिवस

झापा(प्रस) । नेत्रहीन संघ झापाले विविध कार्यक्रम गरी हेलेन केलरको १४५औं जन्मजयन्ती र आफ्नो २८औं स्थापना दिवस मनाएको छ ।बिर्तामोड-३ स्थित आफ्नै सभाहलमा नेत्रहीन संघले कार्यक्रम आयोजना गरेको थियो । सोही अवसरमा कम्प्युटर तालिम समापन तथा हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो।



नेत्रहीन संघका अध्यक्ष होमनाथ राजवंशीको अध्यक्षता तथा बिर्तामोड-३ का वडा अध्यक्ष मदन बुढाथोकीको प्रमुख आतिथ्य रहेको कार्यक्रममा वडा सदस्य हरि बाँस्कोटा, संघका सल्लाहकार प्रेमप्रकाश सिटौला, अनारमनी पब्लिक क्याम्पसका प्रमुख मोहन शिवाकोटी, संयोजक सल्लाहकार द्रोणचार्य निरौला, एचआरडीसी झापा प्रतिनिधि जनक भट्टराई,संघका संस्थापक अध्यक्ष खेम रेग्मीलगायतले शुभकामना मन्तव्य राखेका थिए।

वडा अध्यक्ष बुढाथोकीले संघलाई वडा कार्यालय तथा नगरपालिकाका तर्फबाट निरन्तर सहयोग गरिएको बताउँदै आगामी दिनमा पनि साथ रहने प्रतिबद्धता जनाए। यस्तै, अनारमनी पब्लिक क्याम्पसका प्रमुख शिवाकोटीले संघको अक्षयकोषमा २५ हजार रुपैयाँ सहयोग गर्ने र नेत्रहीनहरुले तयार पारेका पचास वटा कुचो खरिद गरिदिने घोषणा गरे।

कार्यक्रममा अध्यक्ष राजवंशीले बिर्तामोड नगरपालिकाले गरेको सहयोगप्रति आभार व्यक्त गर्दै अन्य पालिकाबाट पनि सहयोग प्राप्त भए दृष्टिविहीनहरुको विकासमा ठूलो टेवा पुग्ने धारणा राखे।

हाजिरीजवाफ प्रतियोगितामा बिर्तामोड, हल्दीबारी, कमल, कचनकवल, भद्रपुर र गौरादहका प्रतिनिधिहरूले भाग लिएका थिए। प्रतियोगितामा बिर्तामोड प्रथम भई नगद रु. पाँच हजार, हल्दीबारी द्वितीय भइ रु. तीन हजार, र कमल तृतीय भइ रु. दुई हजार पुरस्कार प्राप्त गरे। प्रतियोगिता पवन गिरीले सञ्चालन गरेका थिए भने पुरस्कार अध्यक्ष राजवंशीलगायतले बितरण गरे।

कार्यक्रममा उपाध्यक्ष उत्तम खतिवडाले स्वागत मन्तव्य, संस्थापक अध्यक्ष खेम रेग्मीले हेलेन केलरको जीवनीमाथि प्रकाश र पवित्रा तामाङले स्वागत नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन सचिव दिलकुमार राजवंशीले गरेका थिए ।

# नाटक ‘आयोजना नम्बर १६०’ दमकमा मञ्चन

दमक(प्रस) । झापाको दमकमा नियमित नाटक मञ्चन गरिरहेको कदम थिएटरले यसपटक नाटक ‘ आयोजना नम्बर १६०’ प्रदर्शन गरिरहेको छ । ५ असारदेखि कदम थिएटरको पाइवाइला हिममा नाटक मञ्चन गरिरहेको हो । नाटक १५ असारसम्म मञ्चन हुने कदम थिएटरका कला निर्देशक सिजन दाहालले जानकारी दिए ।



नाटक साँझ ५ः१५ देखि नियमित मञ्चन हुँदै आएको छ । भारतीय नाटककार अजय शुक्लाको हिन्दी नाटक‘ताजमहलका टेन्डर’लाई नवीन भण्डारीले नेपालीमा रूपान्तरण गरेर यो नाटक कदममा मञ्चन गरिएको उनले बताए । नाटकमा सरकारी सुशासनलाई प्रश्न गरिएको छ । सरकारले कसरी हचुवाको भरमा आयोजना ल्याउँछ र कसरी अलपत्र पार्छ भन्ने देखाइएको दाहालले बताए ।

उनका अनुसार कर्मचारीतन्त्रले लोभमा फसेर कसरी सरकारी ढुकुटीमा राज गरिरहेका छन् भन्ने देखाएको छ। नाटक पूर्णतः कमेडी रहेको उनले बताए । नाटक ‘ आयोजना नम्बर १६०’ मा एक जना सत्ता सञ्चालक र स्थानीय सरकार मानिएको कर्मचारीतन्त्रलाई गहिरो प्रश्न गरिएको छ । कदम थिएटरमा मञ्चन भइरहेको नाटक ‘आयोजना नम्बर १६०’ मा बुङ छेङ, नवीन भण्डारी, नवीन ऊर्जा, रश्मी उप्रेती, पारुमा राई, पुकारजंग क्षेत्री, रोशन मुर्मु, सुदीप क्षेत्री, सञ्जय मुडियारी र पुजन खरेलले अभिनय गरेका छन् । यो नाटक यिनै १० कलाकारले निर्देशन गरेका हुन् । लाइटमा आयुष भण्डारी छन् ।

## ज्येष्ठ...

ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक (पहिलो संशोधन) ऐन, २०७२ मा यदि कसैले ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेको खण्डमा कसुर हेरी १० हजारदेखि पाँच लाख नगदसम्म जरिवाना हुने र तीन महिनादेखि पाँच वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था छ । यसैगरी अशक्त वा ७५ वर्षमाथिका ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेमा प्रचलित सजायमा थप २५ प्रतिशत वृद्धि हुने व्यवस्था छ । सार्वजनिक पद धारण गरेका व्यक्तिले ज्येष्ठ नागरिकमाथि कुनै पनि अपराध गरेमा प्रचलित सजायमा थप ३० प्रतिशतले वृद्धि हुने व्यवस्था छ । पुनः वा पटकपटक अपराध गरेमा पटकैपिच्छे थप १० प्रतिशत सजाय वृद्धि हुने व्यवस्था छ ।

ज्येष्ठ नागरिक संशोधित ऐन २०७९ मा हरेक सेवा प्रदायक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्ने साथै स्थानीय सरकार, सेवा प्रदायक संस्थाले छुट, सेवा र सहयोग गर्नुपर्ने उल्लेख गरेको छ । आर्थिक सर्वेक्षण २०८१/८२ मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षको फागुनसम्म ४८ ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र थप भई हालसम्म यस्तो संख्या २७३ पुगेको छ । यस आर्थिक वर्षको फागुनसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ३७ लाख ६ हजार ३ सय ८९ रहेको छ । गत आर्थिक वर्ष यस्तो संख्या ३८ लाख २९ हजार ४ सय ७३ रहेको थियो ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण गर्दै लगिनुका साथै ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा स्वास्थ्य उपचारको प्रबन्ध मिलाइने कार्यक्रम राखिएको छ। सहयोगापेक्षी सडक मानवमुक्त अभियानमा जुटेका परोपकारी संस्थाहरूसँग सहकार्य गरिनुका साथै अपांगता भएका व्यक्तिको पहिचान र वर्गीकरणको मापदण्ड अध्यावधिक गरी परिचयपत्र वितरण प्रणालीलाई व्यवस्थित गरिने र सार्वजनिक सेवालाई अपांगतामैत्री बनाइने कार्यक्रम राखिएको छ। सहाराविहीन, अशक्त तथा पूर्ण अपांगता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सेवा विस्तार गरिने कार्यक्रम राखिएको छ ।

वर्तमान १६औं पञ्चवर्षीय योजना (२०८१/८२–२०८५/८६) मा ज्येष्ठ नागरिकको विकासअन्तर्गत सामाजिक सुरक्षाको दायरामा सबै नागरिकलाई आबद्ध गर्ने, राज्य सुविधा परिचयपत्र कार्यक्रम, सामाजिक सुरक्षाको माध्यमबाट गरिबी निवारण कार्यक्रमको नीति तथा रणनीति राखिएको पाइन्छ । सामाजिक सुरक्षाको दायरामा सबै नागरिकलाई आबद्ध गर्नेः विपन्न घरपरिवार तथा राज्यबाट संरक्षण आवश्यक पर्ने समुदायका लागि सञ्चालनमा भएका सामाजिक सुरक्षाका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने नीति राखिएको छ। सम्पूर्ण नागरिकलाई सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको कार्यान्वयनमा जोड दिने, खण्डीकृत तथ्यांकको विकास, एकीकृत सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन, तीन तहबीचको समन्वय तथा प्रभावकारी अनुगमनको माध्यमबाट सामाजिक सुरक्षा कार्यक्रमलाई नतिजामूलक बनाउने नीति लिइएको छ ।

राज्य सुविधा परिचयपत्र वितरण कार्यक्रम : गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरी पहिचान भएका गरिबहरूलाई राज्य सुविधा परिचयपत्र वितरण गर्ने, राज्य सुविधा परिचयपत्रमा तीनै तहका सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षालगायतका सेवा सुविधाहरूमा क्रमशः आबद्धता गरी दोहोरोपना हटाउने उद्देश्य तथा लक्ष्य राखिएको छ ।

ज्येष्ठ नागरिकको विकासमा देखा परेका बाधा, समस्या तथा चुनौतीहरूअन्तर्गत ज्येष्ठ नागरिकसम्बन्धी विद्यमान कानुन, आवधिक योजना, अन्तर्राष्ट्रिय एवं क्षेत्रीय घोषणा, प्रतिबद्धताअनुरूप ज्येष्ठ नागरिकको विषयमा राज्यले विभिन्न नीति, रणनीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आए तापनि पर्याप्त मात्रामा कार्य गर्न नसकिरहेको अवस्था विद्यमान रहेको छ । संघीय प्रणाली अनुकूल हुने गरी संशोधनका लागि पेस भएको ज्येष्ठ नागरिकसम्बन्धी ऐन स्वीकृत हुन नसक्दा नीतिगत अन्योलता र अस्पष्टता रहेको छ ।

ज्येष्ठ नागरिकको जनसंख्या बढ्दो अवस्थामा भए पनि यसलाई सम्बोधन गर्ने पर्याप्त कार्यक्रम, स्रोतसाधन र ज्येष्ठ नागरिकमैत्री विभिन्न कार्यक्रममा छरिएको अवस्थामा रहेको छ । ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभव राष्ट्रले उपयोग र नयाँ पिँढीमा हस्तान्तरण गर्न सकिएको छैन ।

सामाजिक पारिवारिक संरचनामा आएको परिवर्तनका कारण संयुक्त परिवारबाट एकल परिवारको प्रथाले स्थान पाउँदै गएको र सन्तानले बाबु आमाप्रति पूरा गर्नुपर्ने दायित्व वहन र हेरचाहमा क्रमशः ह्रास हुँदै गएको छ । बुढ्यौलीका कारण लाग्ने विभिन्न रोगहरूको समयमा निदान र उपचारको यथोचित व्यवस्था हुन सकेको छैन । ज्येष्ठ नागरिकप्रति गर्नुपर्ने श्रद्धा, सम्मान र सकारात्मक सम्बोधनमा ह्रास आएको छ । ज्येष्ठ नागरिकको ज्ञान र सीप हस्तान्तरणको उपयुक्त मोडालिटी तय हुन सकेको छैन । दीर्घकालीन योजना, नीति, नियम र कानुनको प्रभावकारी कार्यान्वयनका निमित्त उपयुक्त समन्वयका अभाव रहेको छ ।

स्तरीय एवं उपयुक्त वृद्धाश्रम, मिलन केन्द्र/दिवा सेवा केन्द्र तथा क्लबहरूको संस्थागत र दिगो विकास हुन सकेको छैन । निश्चित सरकारी अस्पतालहरूमा जेरियार्टिक वार्ड सञ्चालनमा रहे पनि सबै सरकारी तथा निजी अस्पतालहरूमा यो कार्यक्रम सञ्चालन हुन सकेको छैन। विभिन्न अस्पतालमा नेपाल सरकारले तोकेको सुविधामा एकरूपता छैन । ६० वर्ष पुगेका ज्येष्ठ नागरिकले सरलरूपमा सुविधा उपलब्ध हुन सकेको छैन । यातायात सुविधाको प्रभावकारी अनुगमन हुन सकेको छैन । ज्येष्ठ नागरिक संरक्षणसम्बन्धी केन्द्रीय तथा जिल्लागत समितिहरूमा सञ्चालनमा आउन सकेको छैन । असहाय, विपन्न ज्येष्ठ नागरिकहरूलाई सहयोग र राहतका लागि स्थापना भएको ज्येष्ठ नागरिक कल्याणकोष राम्रोसँग सञ्चालनमा आउन सकेको छैन ।

अवकाश प्राप्त वृद्धहरूलाई निवृत्तिभरण भत्ता, मानपदवी कदरपत्र, सम्मानपत्र आदिको प्रदर्शित हुने गरी राख्ने व्यवस्था गर्ने, अवकाश प्राप्तहरूको पुनर्मिलन, भेटघाट आदिको व्यवस्था गर्ने, दैनिक दिनचर्या रमाइलो र रोचक बनाउन वाचनालय, पुस्तकालय, पार्क, क्लब आदिको व्यवस्था गर्ने, बेसहारा वृद्धहरूका लागि सुविधा सम्पन्न वृद्धाश्रमको व्यवस्था गर्नु पर्दछ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन:** ०२३-५४०४७८
**मो:** ९८५२६७७३५५
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :**

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६

**विराटनगर**
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।